# दक्षिणकाली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
फर्पिङ, काठमाडौं, ३ नं. प्रदेश, नेपाल

च.नं. १२ ८५

बहुउद्देश्यीय नर्सरी स्थापना, कार्यक्रम सञ्चालन सम्बन्धी सूचना ।

सूचना प्रकाशित मितिः २०७७/०९/२०

आ.व.२०७७/०७८ मा ५०% अनुदानमा नयाँ बहुउद्देश्यीय नर्सरी स्थापनाको लागि, दक्षिणकाली नगरपालिका अन्तर्गत तपशिलका क्षेत्रहरुमा निम्न कार्यक्रमहरु सन्चालन गर्नुपर्ने भएकोले इच्छुक कृषक समूह/सहकारी/ निजी फर्म, दर्ता भएका फलफूल नर्सरीले तोकीएको ढाँचामा निवेदन एवं कार्य योजना संग्लन राखी आवश्यक कागजात सहित यो सूचना प्रकाशित भएको मितिले ७ औं दिन भित्र अर्थात (मिति २०७७/०९/२६ गते भित्र) दक्षिणकाली नगरपालिकामा आवेदन दर्ता गर्नुहुन सम्बन्धित सबैमा जानकारी गराइन्छ । साथै यस विषयमा थप जानकारीका लागि दक्षिणकाली नगरपालिकाको कार्यालयमा सम्पर्क गर्न सकिनेछ ।

मापदण्डहरु

१. मुख्य उत्पादन गर्ने विरुवाः – फलफूल र अन्य उत्पादनमा तरकारी, आलंकारी बिरुवा समेत समावेस गर्न सकिने ।

२. विरुवा उत्पादनको लागि क्षेत्रफलः- खुलामा भए कम्तीमा ५ रोपनी र जालीघरमा भए कम्तीमा २ रोपनीमा नर्सरी स्थापना हुनु पर्नेछ ।

३. हावापानीः- सम्बन्धित बालीक बिरुवा उत्पादनको लागि भौगोलिक तथा हावापानीको दृष्टिकोणबाट उपयुक्त स्थानमा मात्र अवस्थित हुनुपर्ने। सुन्तला जात फलफूल नर्सरीको हकमा समुनद्रीबाट १२०० मीटर भन्दा माथि मात्र नर्सरी स्थापना गर्नु पर्ने छ ।

४. जग्गा करारमा लिई नर्सरी स्थापना चाहेमा वा गरेको भएमा ।

५. विरुवा उत्पादन क्षमता कम्तिमा क्रमशः१०००० तथा १५००० गुणस्तरीय फलफूल विरुवा उत्पादन क्षमता भएको हुनु पर्नेछ ।

६. नर्सरीमा बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको तथा कृषि विषय अध्ययन गरेका व्यक्तीलाई प्राथामिकता दिनु पर्नेछ ।

७. बर्षेभरी पानीको उपलब्धता भएको साथै सडक, विजुली , संचार र कुशल श्रमिक उपलब्धता भएको हुनु पर्नेछ ।

८. बार्षिक बिरुवा उत्पादन कार्ययोजना तयार गरी कार्यन्वयन गरेको हुनु पर्नेछ ।

फर्पिङ, काठमाडौं, नेपाल, फोन नं.: +९७७ ०१ ४७१००२८
Email: info@dakshinkalimun.gov.np, Website: www.dakshinkalimun.gov.np

निवेदन साथ पेश गर्नुपर्ने कागजातहरु

१ सम्बन्धित निकायमा कृषक समूह /सहकारी/ निजी फर्म फर्म दर्ता प्रमाणपत्रको प्रतिलिपि ।

२ कार्यक्रम सञ्चालन हुने स्थान (जग्गा/जमिन) स्वामित्व खुल्ने कागजात वा भाडाको जग्गा भएमा कम्तीमा १० वर्षको करार सम्झौतानामा ।

३ निवेदकको नागरिकता प्रमाणपत्रको प्रतिलिपि ।

४ कार्य समितिको निर्णयको प्रतिलिपि ।

५ बार्षिक बिरुवा उत्पादन कार्ययोजना ।

६ नर्सरी बिरुवा उत्पादन सम्बन्धी तालिम लिएको तथा कृषि विषय अध्ययन गरेको भए सोको प्रमाणपत्रको प्रतिलिपि ।

.................................
(दिपक कुमार के.सी.)
(नि.प्रमुख प्रशासकीय अधिकृत)